**नेपाली राजदूतावास**
**สถานเอกอัครราชทูตเนปาล**
**Embassy of Nepal**
**Bangkok, Thailand**

प्रेस विज्ञप्तिः

## म्यानमारको स्क्यामिङ्ग केन्द्रहरूमा आवद्ध ४७ जना नेपाली बैंककबाट आज नेपाल फर्कदै

विभिन्न प्रलोभनमा परी विभिन्न माध्यमबाट म्यानमारमा पुगी तहाँ अवैधरूपमा सञ्चालन भएका अनलाइन स्क्यामिङ्ग केन्द्रहरूमा विभिन्न अनलाईन डेटिङ, अनलाईन क्यासिनो, गेमिङ तथा फिसिङ, क्रिप्टो ठगी लगायतका काममा लगाईएका ४७ (सतचालिस) जना नेपाली नागरिकहरूलाई नेपाली राजदूतावासले थाइल्याण्डका सम्बन्धित निकायहरूको समन्वय र सहयोगमा उद्धार गरी आज मिति २०८२ मंसिर २४ गते बुधवारका दिन नेपाल एयरलाइन्सको उडान नं. RA402 मार्फत नेपाल फर्काइएको छ ।

उद्धार गरिएका व्यक्तिहरू मध्ये विभिन्न २६ जिल्लाका ४७ जना रहेका छन् जसमा ४५ जना पुरुष तथा २ जना महिला छन्। जिल्लागत रूपमा हेर्दा चितवन, दैलेख, कास्की, काठमाडौं, काभ्रे, पाल्पा, रामेछाप, रौतहट, सल्यान, सर्लाही, सिन्धुली, ताप्लेजुङ, तेह्रथुम जिल्लाका १/१ जना, दाङ, महोत्तरी, मोरङ, नवलपरासी, नुवाकोट, स्याङ्जा र तनहुँ जिल्लाका २/२ जना, त्यस्तै, धादिङ, गोरखा, रुपन्देही, सिन्धुपाल्चोक र उदयपुर जिल्लाका ३/३ जना तथा झापा जिल्लाका ५ जना रहेका छन्। निजहरूको उमेर समूहमा एक जना १७ वर्षको, २० वर्ष देखि २५ वर्ष उमेर समूहका २६ जना, २६ वर्ष देखि ३० वर्षको उमेर समूहका १० जना, ३१ देखि ३५ वर्ष उमेर समूहका ८ जना, ४० वर्षको एक जना र ४१ वर्षको एक जना रहेका छन्। निजहरूको शैक्षिक योग्यता प्राय १०+२ पास गरेका, सूचना प्रविधि सम्बन्धी अध्ययन गरेका रहेका छन्। निजहरू स्क्यामिङ केन्द्रहरूमा दुई महिना देखि १८ महिनासम्म आवद्ध भएको देखिएको छ।

उद्धार गरिएका व्यक्तिहरूको भनाई अनुसार निजहरू विभिन्न व्यक्ति, साथीभाई तथा अनलाईन साथी, पवजी लगायतको अनलाईन गेम खेल्ने साथी, सामाजिक सञ्जालको विज्ञापन आदिबाट सम्पर्क गरी तहाँ पुगेको देखिएको छ। कुनै कुनै भारतमा अध्ययन गर्दाको साथी मार्फत, कुनै दुवईमा अध्ययन गर्दा तथा काम गर्दा चिनजान भएको साथीमार्फत समेत तहाँ पुगेका छन्। ह्वाट्सएप, भाईवर, मेसेन्जर, टिकटक, टेलिग्राम लगायतका सामाजिक सञ्जालबाट काठमाण्डौमा घण्टाको यति कमाईन्छ भनी रोजगारीको प्रस्ताव आउने, त्यसमा रेस्पोन्स गरेपछि थप सम्पर्क हुँदै जाने र केही समय पछि भ्रमणको लागि आकर्षित मानिने मुलुकमा अफिस, कल सेन्टर, कम्प्युटर अपरेटर, रिसिप्सनिष्ट आदिको काम छ, एक लाखभन्दा धेरै तलब हुन्छ भनी प्रलोभनमा पार्ने गरेको देखिएको छ। त्यसरी प्रलोभनमा पारेपछि विभिन्न माध्यमबाट स्क्यामिङ्ग केन्द्रहरूमा पुराएको देखिएको छ।

स्क्यामिङ्ग केन्द्रहरूमा पुगेपछि निजहरूलाई केही महिनासम्म आरामदायी किसिमले काम लगाउने, केही समय व्यतित भएपछि कामको निश्चित लक्ष्य (Target) दिईने र सो पूरा गर्न नसके अन्य कुनै अपराधको दोष लगाई चरम आर्थिक तथा शारीरिक शोषण गर्ने, निजहरूलाई बन्धक बनाई परिवारबाट फिरौती माग गर्ने, जेल पठाउने, हत्या गर्ने लगायतका यातना समेत भोग्ने गरेको देखिएको छ। निजहरू स्क्यामिङ्ग केन्द्रबाट निस्किन खोजे निजहरूको सट्टामा अर्को व्यक्तिलाई नल्याएसम्म निजहरूलाई सो स्थानबाट छुटकारा समेत नगराउने देखिएको छ।



4/1 Soi 27, Pridi Banomyong, Sukhumvit 71 Road, Klong Ton,Watthana, Bangkok 10110
Tel: +66 2 391 7240, 02 390 2280, Fax: +66 2 381 2406
Email: eonbangkok@mofa.gov.np; nepsecbkk@gmail.com, Website: th.nepalembassy.gov.np

कम्बोडिया-थाईल्याण्ड, म्यान्मार-थाईल्याण्ड सीमा तथा लाओसमा स्क्यामिङ केन्द्रहरूमा नेपाली लगायत विभिन्न मुलुकका व्यक्तिहरू अलपत्र पर्न थालेको जानकारी आउन थालेपश्चात सो क्षेत्रमा रोजगारीको प्रलोभनमा परी नजानको लागि अनुरोध गरी राजदूतावासले मिति २०८० साउन २३ गते देखि यात्रा सचेतना (Travel Advisory) जारी गर्न शुरु गरको थियो भने अलपत्र परेका नेपालीहरूलाई थाईल्याण्ड सरकारसँगको समन्वयमा मानव तस्कर पिडितको रूपमा उद्धार गर्न शुरु गरेको हो। यसरी उद्धार हुनेमा आर्थिक वर्ष २०८०/८१ मा ६८ जना, आर्थिक वर्ष २०८१/८२ मा १५६ जना र चालु आर्थिक वर्षमा हालसम्म सम्म १४१ जना उद्धार गरी नेपाल पठाईएको छ ।

म्यान्मारको म्यावाडीमा रहेका विदेशी नागरिकको स्वदेश फिर्तीलाई सहज बनाउनको लागि थाईल्याण्ड सरकारले एउटा कार्यसञ्चालन निर्देशिका (Standard Operating Procedure) बनाएको छ। सोही कार्यसञ्चालन निर्देशिकाको पालना गरी नेपाली नागरिकहरूको उद्धार गरिएको हो। सो निर्देशिका अनुसार म्यान्मारको सैनिक/प्रहरी तथा सम्बन्धित अधिकारीहरूको सम्पर्कमा आई म्यानमारको सुरक्षा अधिकारीको नियन्त्रण/उद्धार केन्द्रमा आएका व्यक्तिहरूको जानकारी म्यानमारको परराष्ट्र मन्त्रालयलाई गराउने, म्यानमारको परराष्ट्र मन्त्रालयले ती व्यक्तिहरूको मुलुकको राजदूतावास तथा थाईल्याण्डको परराष्ट्र मन्त्रालयलाई जानकारी गराउने, थाईल्याण्डको परराष्ट्र मन्त्रालयले थाईल्याण्डको टाक प्रान्त र सो प्रान्तमा रहेको माई सोट अध्यागमनलाई सहयोग गर्न अनुरोध गर्ने गरिन्छ। राजदूतावासले निजहरूसँग राहदानी भए नभएको एकिन गर्छ र राहदानी नभएको हकमा एकतर्फी यात्रा अनुमती पत्र जारी गर्छ। थाईल्याण्ड सरकारसँग समन्वय गरी नेपाल फर्काउने दिन निश्चित गरी सो दिनको हवाई टिकट व्यवस्था गर्न सम्बन्धित व्यक्तिहरू/निजको घरपरिवारलाई अनुरोध गरिन्छ। म्यानमारबाट दोस्रो थाई-म्यानमार मैत्री पुलहुँदै थाईल्याण्डको माईसोट अध्यागमनबाट निजहरूलाई थाईल्याण्ड ल्याउने र थाइल्याण्ड आइपुगेपछि निजहरूको सामान्य स्वास्थ्य जाँच, मानव बेचबिखनका सम्भावित पीडितहरूको पहिचान गर्न सामान्य स्क्रिनिङ, अध्यागमन प्रक्रियाहरू र सामान निरीक्षण सहित विभिन्न प्रक्रियाहरू पूरा गर्ने गरिन्छ। थाईल्याण्डले बनाएको कार्यसञ्चालन निर्देशिका अनुसार निजहरू आफ्नो मुलुकमा फर्केपछि सो मुलुकको सक्षम अधिकारीले निजहरू उपर थप अनुसन्धान गरी वास्तविक पिडकको पहिचान गरी कानूनी कार्यवाही गर्न समेत थाईल्याण्ड सरकारले अनुरोध गरेको छ। नेपाल फर्कीएका व्यक्तिहरू यस प्रकारको मानव तस्करको सञ्जालका स्वयं पिडित वा पिडक हुने हुँदा निज उपर अनुसन्धान गर्न दूतावासले पटक पटक अनुरोध समेत गरेको छ।

यस सन्दर्भमा विदेश जाने नाममा हतार नगर्न, राम्रोसँग बुझ्न तथा सामाजिक सञ्जाल, आफ्ना साथीभाई आदिले प्रस्ताव गरेका वैदेशिक रोजगारीको आधिकारीकताको यथार्थता बुझ्न र रोजगारदाताको आधिकारिकता बुझी नेपाल सरकारले तोकेका मापदण्ड बमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभनमा परी छिटो र धेरै पैसा कमाउने लोभले कम्बोडिया, लाओस, म्यानमार, थाइल्याण्डलगायतका मुलुकहरूमा **भ्रमणको बहाना गरी वैदेशिक रोजगारीमा नआउनका लागि राजदूतावास सम्बन्धित सबैमा पुनः अनुरोध गर्दछ** । साथै, आमसञ्चार माध्यम तथा नागरिक समाजलाई समेत यो सन्देश प्रवाह गरी सहयोग गरिदिन नेपाली राजदूतावास बैंकक हार्दिक अनुरोध गर्दछ।

२०८२ साल मंसिर २४ गते बुधवार
नेपाली राजदूतावास, बैंकक

नेपाली राजदूतावास
बैंकक



4/1 Soi 27, Pridi Banomyong, Sukhumvit 71 Road, Klong Ton,Watthana, Bangkok 10110
Tel: +66 2 391 7240, 02 390 2280, Fax: +66 2 381 2406
Email: eonbangkok@mofa.gov.np; nepsecbkk@gmail.com, Website: th.nepalembassy.gov.np